श्री टिकुलीगढ सामुदायिक वन उपभोक्ता समूह

शिवराज १, कपिलवस्तु

फर्सु नारायण थारु
अध्यक्ष

काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना

पहिलो पटक सूचना प्रकाशन मिति : २०८३।०७।१२

श्री **टिकुलीगढ** सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादिन भई **समुहको** घाटगद्दीमा तपसिलका लट नं १ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना **बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिका**मा प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

वन पैदावारको विवरण :

लट नं.	उत्पादन आ.ब.	धाङ्ग नं.	जात	ग्रेड	गोलिया थान	परिमाण (क्यू.फि.)	न्यूनतम दर	न्यूनतम मुल्य जम्मा रु.	संकलन खर्च	कैफियत
१	२०८२/०८३									
		१	खयर		६८	१५०.६९	१०००	१५०६९०	प्रति क्यु.फि. १५४	

बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।८।२ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।८।३ ख) समय : दिउसो २ बजे सम्म

१) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध) खरिद र दाखिला गर्न बाट किनेछ ।

२) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा नेपाल बैंक चन्द्रौटा शाखामा रहेको खाता नं. **२२८००१०११२१६५५०००००१** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

३) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

४) बोलपत्र फारम लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता प्रमाणपत्र प्रतिलिपी वा अद्यावधिक प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।८।४ मा दिनको ३:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

८) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ । अन्यथा धरौटी जफत हुनेछ ।

९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

११) बोलपत्र खरिद गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद गरि सोको भोलिपल्ट दाखिला गर्न सकिनेछ र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन दाखिला गर्न सकिनेछ ।

१२) बोलपत्र सदर वा बदर गर्ने अधिकार कार्यसमितिमा निहित रहनेछ ।

१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नुहोला ।